# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक ५१ | काठमाडौं | शनिबार, ३० जेठ २०८३ | Prabhab National Daily | Saturday, 13 June 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




नवलपरासीस्थित नेपाली भूमि सुस्तामा शुक्रबार भारतीय सीमा सुरक्षाफोर्स (एसएसबी) प्रवेश गरेपछि प्रतिकार गर्दै स्थानीय । हतियारसहित नेपाली भूमिमा प्रवेश गरेको एसएसबी टोलीलाई भारततर्फ फर्काइएको स्थानीयले बताएका छन् । नवलपरासी (सुस्ता पश्चिम)का प्रमुख जिल्ला अधिकारी दीपकराज घिमिरेले नेपाली सुरक्षाकर्मी पुगेपछि अवस्था सामान्य बनेको जानकारी दिए ।

*तस्बिर: सामाजिक सञ्जालबाट*

# ३१ वर्षदेखि कार्यान्वयन हुने भयो रावल आयोगको प्रतिवेदन

- सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग (रावल आयोग)ले सिफारिस गरेको प्रतिवेदन कार्यान्वयन गर्ने मन्त्रिपरिषद्को निर्णय
- निर्णय कार्यान्वयनका लागि भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन
- तत्कालीन गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले २०५२ सालमा पूर्वसचिव रामबहादुर रावलको अध्यक्षतामा उच्चस्तरीय आयोग गठन गरेको थियो
- आयोगको प्रतिवेदनले तत्कालीन काठमाडौं महानगर क्षेत्रमा अतिक्रमण भएका एक हजार ८५९ रोपनी १४ आना तीन पैसा तीन दाम सार्वजनिक तथा सरकारी जग्गा संरक्षण गर्न सिफारिस गरेको थियो



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** ३१ वर्षअघि सरकारी तथा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोग (रावल आयोग)ले सिफारिस गरेको प्रतिवेदन बल्ल कार्यान्वयन हुने भएको छ ।

तत्कालीन गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले २०५२ सालमा पूर्वसचिव रामबहादुर रावलको अध्यक्षतामा गठन गरेको उच्चस्तरीय आयोगको उक्त प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय शुक्रबारको मन्त्रिपरिषद् बैठकले गरेको हो । सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विगत ३१ वर्षअघि सिफारिस भएर हालसम्म अलपत्र अवस्थामा रहेको उक्त प्रतिवेदनलाई कार्यान्वयनमा लैजाने निर्णय मन्त्रिपरिषद् बैठकले गरेको जानकारी दिए । सो प्रतिवेदन कार्यान्वयन गर्ने सम्बन्धमा सर्वोच्च अदालतबाट सरकारको नाममा निर्देशनात्मक आदेशसमेत जारी भएको थियो ।

सर्वोच्च अदालतको उक्त आदेशलाई टेकेर देशभर रहेका सरकारी तथा सार्वजनिक जग्गाको व्यवस्थित अभिलेख (लगत)राखी त्यस्ता जग्गाको संरक्षण गर्ने निर्णय भएको जनाइएको छ ।

> रावल आयोगको प्रतिवेदन त्यतिबेलै कार्यान्वयन हुनुपर्ने थियो तर हुन सकेको थिएन । आज (शुक्रबार)को मन्त्रिपरिषद् बैठकको निर्णयसँगै प्रतिवेदन कार्यान्वयनमा लैजान बाटो खुलेको छ ।
>
> ■ **दीपा दाहाल**
> प्रधानमन्त्री वालेन्द्र शाहकी प्रेस तथा अनुसन्धानविज्ञ

क्रमशः पृष्ठ २ मा

# बाल सैनिकको प्रयोग दण्डनीय अपराध हुने सर्वोच्चको ठहर



- बाल सैनिकको प्रयोगलाई समेटेर तत्काल कानुन निर्माण गर्न सरकारका नाममा आदेश
- द्वन्द्वबाट प्रभावित सेनामा समायोजन हुन नसकेका व्यक्तिहरूलाई राज्यबाट जारी हुने दस्तावेज तथा अभिलेखमा अयोग्य, बहिर्गमितजस्ता अपमानजनक पहिचान हुने खालका शब्दहरु प्रयोग नगर्न परमादेश

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सर्वोच्च अदालतले बालबालिकालाई कुनै पनि सैन्य बलमा समावेश वा उपयोग गर्नुलाई दण्डदीय अपराध ठहर गरेको छ । तत्कालीन नेकपा माओवादीका बाल लडाकु लेनिन बिष्टले दायर गरेको रिट निवेदनमाथिको सुनुवाइपछि शुक्रबार सर्वोच्चले यस्तो ठहर गरेको हो ।

सर्वोच्चले सत्य निरूपण तथा मेलमिलाप आयोगको ऐनमा बाल सैनिकको प्रयोगलाई समेटेर तत्काल कानुन निर्माण गर्न निर्देशनात्मक आदेश जारी गरेको छ । न्यायाधीशहरू सपना प्रधान मल्ल, सुनिलकुमार पोखरेल र शान्तिसिंह थापाको पूर्ण इजलासले सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनको तेस्रो संशोधनले मानवअधिकारको गम्भीर ...

क्रमशः पृष्ठ २ मा

# काभ्रे बस दुर्घटनामा आठ जनाको मृत्यु, १६ घाइते

**काठमाडौं (प्रस)–** काभ्रेपलाञ्चोकको नमोबुद्ध नगरपालिका-२ बुचाकोटमा शुक्रबार यात्रुवाहक बस दुर्घटना हुँदा आठ जनाको मृत्यु भएको छ । उनीहरूको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय काभ्रेपलाञ्चोकका प्रहरी नायब उपरीक्षक रविन विस्टले जानकारी दिए ।

उक्त दुर्घटनामा चालकसहित १६ जना घाइते भएको उनले बताए । विष्टका अनुसार घाइतेहरूको धुलिखेल अस्पतालमा उपचार भइरहेको छ । घाइतेमध्ये तीन जनाको अवस्था गम्भीर रहेको जानकारी दिइएको छ । बनेपादेखि रोशी गाउँपालिकातर्फ जाँदै गरेको बा ३ ख ८३९८ नम्बरको यात्रुवाहक बस बुचाकोटमा दिउँसो करिब २:१५ बजे सडकबाट २०० मिटर तल खसेको थियो । यो समाचार तयार पार्दासम्म मृतक आठ जनामध्ये चार जनाकोमात्र पहिचान खुलेको छ । प्रहरीका अनुसार रोशी गाउँपालिका-६ का, इन्द्रबहादुर झाँक्री, रोशी-७ की फूलमाया तामाङ र रोशी-८ की प्यारीमाया तामाङको पहिचान खुलेको छ ।

अर्का एक जना मृतक नेपाली सेनाका अमलदार बमबहादुर भण्डारी रहेको प्रहरीले जनाएको छ । उनको घर दैलेख रहेको खुलेको छ । अर्कोतर्फबाट आएको बसलाई साइड दिने क्रममा बस तल खसेर दुर्घटना भएको प्रहरीले जनाएको छ । दुर्घटनाबारे थप अनुसन्धान भइरहेको बताइएको छ ।

**सन्दर्भः वैदेशिक रोजगार**

## आइटियुसीको प्रतिवेदन


# विश्वभरि कामदारमाथि हुने हिंसात्मक आक्रमण बढ्यो

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** पछिल्लो वर्ष विश्वव्यापीरूपमा श्रमिकको स्वतन्त्र अभिव्यक्ति र संगठित हुने अधिकारको उल्लंघनमा पाँच प्रतिशतको वृद्धि भएको अन्तर्राष्ट्रिय ट्रेड युनियन महासंघ (आइटियुसी)ले जनाएको छ । आइटियुसीले हालै सार्वजनिक गरेको १३औं संस्करणको विश्वव्यापी अधिकार सूचकांकले कामदारमाथि हुने हिंसात्मक आक्रमणमा छ प्रतिशतको वृद्धि भएको उल्लेख गरेको छ ।


नेपालीहरूको प्रमुख रोजगार गन्तव्य रहँदै आएका संयुक्त अरब इमिरेट्स (युएई), बहराइन, मलेसिया, कुवेत, दक्षिण कोरिया, जोर्डन, कतार, साउदी अरबलगायतका मुलुकमा अधिकारको कुनै सुनिश्चितता नभएको मुलुकहरूमा परेका छन् । जसमा छिमेकी मुलुक भारत पनि परेको छ । यस्ता मुलुकहरू ४२ वटा रहेको जनाइएको छ ।

खाडीका छ मुलुकमा करिब तीन करोड ५० लाख आप्रवासी श्रमिक कार्यरत छन् । रोजगार पाएका जनसंख्याको औसत ७० प्रतिशत श्रमिक कम आय भएका मुलुकका रहेकाले द्वन्द्वको समयमा धैरै जोखिमको सामना गर्ने जनाइएको छ । यस्तो समयमा कम्पनी छोड्ने सीमित उपाय, भाषागत समस्या, रोजगारदाताको अनुमति लिनपर्ने आवश्यकता र कानुनी विभेदका कारण उनीहरूको सुरक्षा र उद्धारको कार्य प्रभावित हुने गरेको जनाइएको छ । धनी देशका श्रमिकहरूले उद्धारको समयमा प्राथमिकता पाउने प्रतिवेदनमा भनिएको छ । अमेरिका-इजरायल र इरानबीचको जारी संघर्षमा पाकिस्तान, भारत, नेपाल र बंगलादेशका आप्रवासी श्रमिक मारिएका छन् । यसले उक्त क्षेत्रको रोजगार सुरक्षामा विद्यमान कमजोरी उजागर गरेको दाबी गरिएको छ । उक्त संस्थाको अध्ययनका अनुसार इजरायल, लेबनानजस्ता मुलुकले विधिसंगतरूपमा श्रमिकका अधिकारहरू हनन गरेका छन् ।




> प्रतिवेदनअनुसार सन् २०२६ मा ११३ वटा मुलुकले श्रमिकहरूलाई ट्रेड युनियन स्थापना गरेर संगठित हुनबाट वञ्चित गराएका छन् । यस्ता देशहरु सन् २०१७ मा ८२ वटा थिए । श्रमिकहरूलाई १३० वटा मुलुकले हड्ताल गर्ने अधिकारबाट वञ्चित गराइएको जनाएको छ ।

क्रमशः पृष्ठ २ मा

## पृष्ठ १ बाट क्रमशः

## ३१ वर्षदेखि...

बैठकले यी दुवै निर्णय कार्यान्वयनका लागि भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई निर्देशन दिएको छ ।

उक्त निर्णयसँगै २०२१ सालको नापीका आधारमा रावल आयोगको प्रतिवेदनले समेटेको तत्कालीन काठमाडौं महानगर क्षेत्रका ३५ वटै वडामा अतिक्रमण भएका सम्पूर्ण (एक हजार ८५९ रोपनी १४ आना तीन पैसा तीन दाम) सार्वजनिक तथा सरकारी जग्गाहरू खाली गर्ने बाटो खुलेको छ । साथै, उल्लेखित सार्वजनिक तथा सरकारी जग्गाको अतिक्रमणकारीहरूलाई प्रचलित कानुनबमोजिम कारबाही गर्ने प्रक्रिया पनि अघि बढ्ने जनाइएको छ ।

'रावल आयोगको प्रतिवेदन त्यतिबेलै कार्यान्वयन हुनुपर्ने थियो, तर हुन सकेको थिएन । आजको मन्त्रिपरिषद् बैठकको निर्णयसँगै प्रतिवेदन कार्यान्वयनमा लैजान बाटो खुलेको छ,' प्रधानमन्त्री वालेन्द्र शाहकी प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालले भनिन् । यो काम भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सम्बन्धित सबै निकायहरूसँगको समन्वयमा आवश्यक कानुनी प्रक्रिया पूरा गरेर सम्पादन गरिने उनले बताइन् ।

दाहालका अनुसार काठमाडौं महानगर क्षेत्रमा तत्कालीन समयमा १८ हजार ९४१ रोपनीभन्दा बढी सार्वजनिक तथा सरकारी जग्गा रहेकामा रावल आयोगले अध्ययन गर्दासम्म एक हजार ८५९ रोपनीभन्दा (करिब १० प्रतिशत) बढी जग्गा अतिक्रमण भइसकेको थियो । यस क्रममा एक हजार १८७ जना अतिक्रमणकारीहरूले ३०८ कित्ता सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गरी निजी प्रयोजनमा उपभोग गरिरहेको तथा थप छ हजार ९०६ जना अतिक्रमणकारीहरूले एक हजार ७६२ कित्ता सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गरी आफ्नो निजी जग्गामा घुसाउँदा जम्मा आठ हजार ९३ जना अतिक्रमणकारीहरूले दुई हजार ७० कित्ता सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण भएको थियो ।

तत्कालीन सरकारले सरकारी तथा सार्वजनिक जग्गाको व्यापक अतिक्रमण, गैरकानुनी दर्ता तथा सार्वजनिक सम्पत्तिको संरक्षणसम्बन्धी गम्भीर समस्या समाधान गर्ने उद्देश्यले २०५० साल असोज २१ गते तत्कालीन पूर्वसचिव रामबहादुर रावलको अध्यक्षतामा यो उच्चस्तरीय आयोग गठन गरेको थियो । आयोगले काठमाडौं नगर क्षेत्रभित्र भएका सरकारी तथा सार्वजनिक जग्गाहरूको अतिक्रमणको अवस्थाबारे विस्तृत अध्ययन गरी २०५२ सालमा सुझावसहितको आफ्नो प्रतिवेदन सरकारलाई बुझाएको थियो । आयोगले प्रतिवेदन बुझाए पनि राजनीतिक र प्रशासनिक उदासीनताका कारण यो प्रतिवेदन कार्यान्वयनमा आएको थिएन ।

प्रतिवेदन आएको आठ वर्षपछि अधिवक्ता प्रकाशमणि शर्मासमेतले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतलाई विपक्षी बनाई रावल आयोगको प्रतिवेदन, २०५२ को कार्यान्वयनका लागि परमादेशसमेत माग गरी सर्वोच्च अदालतमा २०६० सालमा रिट दर्ता गरेका थिए ।

उक्त रिट निवेदनको सुनुवाइका क्रममा रावल आयोगको प्रतिवेदन कार्यान्वयनका सम्बन्धमा विशेषज्ञ सम्मिलित समितिद्वारा अध्ययन गर्न उपयुक्त देखिएकाले सर्वोच्च अदालतको २०६६ साल जेठ १७ गतेको इजलासले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा विशेषज्ञ समिति गठन गरी सुझावसहितको प्रतिवेदन पेस गर्ने आदेश दिएको थियो । सो विशेषज्ञ समितिले काठमाडौंबाहेक देशका अन्य स्थानहरूमा भएका सरकारी जग्गाहरूको अतिक्रमणको विषयमासमेत छानबिन गर्नुपर्ने सुझावसहितको प्रतिवेदन २०६६ चैत १ गते पेस गरेको थियो ।

विशेषज्ञ समितिको उक्त प्रतिवेदनसमेतको अध्ययनपश्चात् सर्वोच्च अदालतले २०६७ जेठ १२ गते रिट निवेदनमा अन्तिम सुनुवाइ गर्दै 'विशेषज्ञ समितिको प्रतिवेदनअनुसार रावल आयोगको प्रतिवेदन कार्यान्वयन हुन र देशका अन्य स्थानहरूमा भएको सरकारी तथा सार्वजनिक जग्गाहरूको अतिक्रमणको विषयमासमेत छानबिन गरी कानुनबमोजिम कारबाही गर्न वाञ्छनीय देखिएकाले सो कार्यलाई उच्च प्राथमिकता प्रदान गरी छिटो कार्यान्वयन गर्नू/गराउनू' भनी विपक्षीहरूका नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो ।

सर्वोच्च अदालतको स्पष्ट आदेश र चौतर्फी जनदबाबका बाबजुद पनि तीन दशकसम्म गठन भएका कुनै पनि सरकारले यस आदेशलाई कार्यान्वयन गर्ने राजनीतिक इच्छाशक्ति देखाउन सकेका थिएनन् । बरु, प्रतिवेदन र सर्वोच्च अदालतको निर्देशनात्मक आदेशको कार्यान्वयनलाई थप अध्ययन तथा प्रक्रियाका नाममा विभिन्न समितिहरू गठन गर्दै अल्झाएर राखिएको थियो ।

गत वर्ष चैत १३ गते प्रधानमन्त्रीको जिम्मेवारी सम्हालेपछि प्रधानमन्त्री शाह र उनको सचिवालय रावल आयोगको प्रतिवेदन र सर्वोच्च अदालतको निर्देशानात्मक आदेश कार्यान्वयनका सम्बन्धमा गम्भीर बनेको थियो । यस्तै, नीति अनुसन्धान प्रतिष्ठानले यो प्रतिवेदन र सोको कार्यान्वयनका लागि सर्वोच्च अदालतबाट जारी भएको निर्देशनात्मक आदेश (२०६७) सम्बद्ध टिप्पणीसहितको संक्षेपीकरण तथा सुझाव प्रतिवेदन, २०८३ शीर्षकको मामला अध्ययन प्रतिवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस गरेको थियो । *(राससको साहयोगमा)*

■■■

## बाल सैनिकको...

उल्लंघनको परिभाषाबाट बाल सैनिकको प्रयोगलाई वञ्चित गरेको देखिएकाले त्यसलाई समेट्नेगरी कानुन निर्माण गर्न सरकारका नाममा निर्देशनात्मक आदेश दिएको हो ।

आदेशमा भनिएको छ, 'अदालतले १८ वर्ष वा सोभन्दा मुनिका बालबालिकाहरूलाई कुनै पनि सैन्य बलमा समावेश वा उपयोग पूर्णतः निषेधित गरी यस्ता काम कारबाहीलाई दण्डनीय अपराध ठहर गर्ने गरी कानुन निर्माण गर्नु राज्यको दायित्व हुँदा सोतर्फ तत्काल पहल गर्नु भनी विपक्षी सरकारी निकायका नाममा निर्देशनात्मक आदेश जारी गरिएको छ ।'

रिट निवेदकको मागबमोजिम युद्ध अपराधमा अभियोजन गर्न भने सर्वोच्चले अस्वीकार गरेको छ । सशस्त्र द्वन्द्वको क्रममा बाल सैनिकहरू भर्ना गरी प्रयोग गरेको मुद्दामा तत्कालीन नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र वरिष्ठ नेता बाबुराम भट्टराईलाई युद्ध अपराधमा अभियोजन गर्न संविधानले नै सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गरेको आदेशमा उल्लेख गरिएको छ ।

आदेशमा भनिएको छ, 'आयोगहरूसमक्ष उजुरी दर्ता गरिसकेका र आयोगबाट २०८० जेठ २५ गते पत्रमार्फत सोसम्बन्धी जानकारी प्रदान गरिसकेको देखिँदा सशस्त्र द्वन्द्वको समयमा भएका कमाण्डस्तरका निर्णयहरूका लागि व्यक्तिगत जवाफदेहिताको प्रश्न खुला नै रहेको र यसको संवैधानिकरूपमा स्थापित संक्रमणकालीन न्याय संयन्त्रहरूबाट तयार प्रतिवेदन, सिफारिसमार्फत सम्बोधन हुने नै हुँदा यसमा थप केही बोलिरहन पर्ने देखिएन ।'

बाल लडाकुहरूलाई सेना समायोजनमा आयोग्य ठहर गर्दै प्रतिव्यक्ति १० हजार रूपैयाँ दिएर बिदा गरिएको र पछि प्रतिव्यक्ति दुई लाख रूपैयाँ दिने भनिए पनि सबैले नपाएको आदेशमा भनिएको छ । साथै, आदेशमा स्वेच्छिक अवकाशमा गएका वयस्क लडाकुहरूले भने पाँच लाखदेखि आठ लाख रूपैयाँ पाएको उल्लेख गरिएको छ ।

अदालतले निवेदक र निवेदकसँग जोडिएका व्यक्तिहरूलाई सम्मानपूर्वक पहिचान दिनु न्यायोचित हुँदा अब राज्यका निकायहरूले द्वन्द्वबाट प्रभावित सेनामा समायोजन हुन नसकेका व्यक्तिहरूलाई राज्यबाट जारी हुने दस्तावेज तथा अभिलेखमा अयोग्य, बहिर्गमितजस्ता अपमानजनक पहिचान हुने खालका शब्दहरू प्रयोग नगर्न परमादेश गरेको छ ।

■■■

## विश्वभरि...

गाजामा सन् २०२३ मा द्वन्द्व सुरु भएपछि इजरायलले श्रमिकको अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गरेको औंल्याइएको छ । नियमितरूपमा अधिकार हनन हुने मुलुकमा नेपालसहित रोमानिया, ओमान, पोल्याण्ड, बेलायतलगायत रहेका छन् । जापान, इटाली, क्रोएसियालगायत २१ वटा मुलुकमा पटक-पटक अधिकार हनन गरिएको प्रतिवेदनमा उल्लेख छ । श्रमिकको अवस्था खराब हुँदै गएका मुलुकहरूमा अफगानिस्तान, म्यानमार, सुडान, प्यालेस्टाइनलगायत १२ वटा मुलुक छन् ।

प्रतिवेदनअनुसार सन् २०२६ मा ११३ वटा मुलुकले श्रमिकहरूलाई ट्रेड युनियन स्थापना गरेर संगठित हुनबाट वञ्चित गराएका छन् । यस्ता देशहरू सन् २०१७ मा ८२ वटा थिए । श्रमिकहरूलाई १३० वटा मुलुकले हड्ताल गर्ने अधिकारबाट वञ्चित गराइएको जनाएको छ ।

अभिव्यक्ति स्वतन्त्रताबाट वञ्चित गर्ने मुलुक अघिल्लो वर्ष ६८ वटा थिए भने यस वर्ष ७६ वटा पुगेको छ । श्रमिकलाई शारीरिक यातना दिने मुलुक अघिल्लो वर्ष ४० वटा रहेकामा यस वर्ष उक्त संख्या बढेर ४८ पुगेको छ ।

श्रमअधिकार कुण्ठित हुने भूभागमध्ये मध्यपूर्व र उत्तर अफ्रिका ४.६८ अंक प्राप्त गर्दै शीर्ष स्थानमा परेका छन् । सो क्षेत्रका ९५ प्रतिशत मुलुकमा विरोध गर्न नपाइने, सबै मुलुकमा सामूहिकरूपमा आवाज उठाउन र संगठित हुन पाउने अधिकारबाट वञ्चित भएको, ८४ प्रतिशत श्रमिक अधिकार प्राप्तिबाट वञ्चित भएका र ४२ प्रतिशत मुलुकमा श्रमिकहरू हिंसामा परेका जनाइएको छ ।

आप्रवासी कामदारको अधिकार कम हनन हुने क्षेत्रमा २.८० अंक प्राप्त गरेर युरोप परेको छ । यद्यपि, तुलनात्मकरूपमा राम्रो भनिएको युरोप र अमेरिकामा श्रमिकको अधिकारको अवस्था चिन्ताजनक हुन थालेको जनाइएको छ । यी क्षेत्रहरू सन् २०१४ मा सूचकांक सार्वजनिक गर्न थालिएयताकै खराब अवस्थामा पुगेको जनाइएको छ । श्रमिक र उनीहरूका प्रतिनिधिलाई गरिने गिरफ्तारी र नियन्त्रण पनि ह्वात्तै बढेको आइटियुसीले जनाएको छ । यसका साथै श्रमिकलाई नियन्त्रण गर्न, सजाय दिन र मौन गराउन प्रविधिको प्रयोगमा पनि वृद्धि भएको पनि उल्लेख गरेको छ ।

उक्त प्रतिवेदन आइटियुसीले १५१ वटा देशमा गरेको अध्ययनबाट सार्वजनिक गरेको जानकारी दिएको छ । आइटियुसीले मुलुकहरूलाई एकदेखि पाँच अंक दिने गरेको छ । जसमा खराब अवस्था भएका मुलुकले पाँच अंकभन्दा माथि र राम्रो अवस्था भए एक अंक दिइन्छ ।

### वन पैदावार बोलपत्रद्धारा लिलाम बिक्रि सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०२/३०**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल, असना र जामुन जातको गोलिया थान १२३ को २२७७.७७ घनफिट काठ तथा साल जातको दाउरा ५.०० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**त्रिवेणी सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–१, मकवानपुर**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालय**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७९/०८/१८ मा दर्ता भएको **रिया मेडिको कन्सर्न प्रा. लि. (प्रा. लि. नं. ३०३०४२/०७९/०८०)** लाई खारेजी लिक्वीडेशनमा लैजान कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८२/११/३० गतेको विशेष बैठकले निर्णय गरेकाले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवम बाँकी कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**श्री शुभन राज आचार्य दामासाही व्यवसायी**
**इजाजत पत्र नं. ५३५, त्रिपुरेश्वर, काठमाडौं**

### वन पैदावार बोलपत्रद्धारा लिलाम बिक्रि सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०२/३०**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल समेत विभिन्न जातको गोलिया थान ७५९ को ८९५२.७६ घनफिट काठ तथा साल जातको दाउरा ७.०० चट्टा जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**कालीबेदघारी सामुदायिक वन उपभोक्ता समूह**
**बागमती–८, मकवानपुर**

### बिमालेख हराएको सूचना

मिति २०८३/०१/२९ गते, कलंकी देखि त्रिपुरेश्वरसम्म जाने क्रममा मेरो निम्न व्हयोरा भएको बिमालेख हराएको हुंदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन विनम्र अनुरोध गर्दछु ।

**नाम : नारायण प्रसाद रिमाल**
**बिमालेख नं : ११००१३७२९**
**ठेगाना : बसन्त मार्ग, बबरमहल, काठमडौं**
**कम्पनीः एल.आई.सि (नेपाल) लि.**
**सम्पर्क नं : ९८५११५४२५४**

### माइग्रेसन हराएको सूचना

मिति २०८३/०१/१५ गते काठमाडौं जिल्ला, चावहिलदेखि सिनामंगल जाने क्रममा मेरो निम्न व्हयोरा भएको पूर्वाञ्चल विश्वविद्यालयबाट जारी भएको Bachelor तहको माईग्रेसन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम : शिभांगी शाह**
**रजिस्ट्रेसन.नं.: ०३४-२-३-००२८५-२००९**
**सिरियल नं.: ०१९७**
**ठेगाना : नक्साल- ०१, काठमाडौं**
**सम्पर्कः : ९८५१०९०८३१**

## खुम्बु पासाङल्हामु गाउँपालिका
## Khumbu Pasanglhamu Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल
Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

### ठेक्का किन नतोड्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

**सूचना प्रकाशित मिति : २०८३/०२/३०, शनिबार**

यस गाउँपालिकाको कार्यालय अन्तर्गत तपसिल बमोजिमको निर्माण कार्यको लागि सम्झौता भएको निर्माण व्यवसायीबाट कार्य सम्पन्न गर्नुपर्ने म्याद नाघिसक्दा समेत कार्य सुचारू नभएको हुदा यस गाउँपालिकाबाट पटक-पटक लिखित तथा मौखिक रुपमा ताकेता गर्दा समेत निर्माण व्यवसायीबाट सन्तोषजनक स्पष्टीकरण समेत पेस नभएको र सम्झौता बमोजिम हालसम्म प्रगति शून्य रहेको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ७ बमोजिम तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२८ बमोजिम ठेक्का सम्झौता किन अन्त्य नगर्ने भन्ने सम्बन्धमा यो सूचना प्रकाशित गरिएको छ । निर्माण व्यवसायीले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा उपस्थित भई आफ्नो स्पष्टीकरण तथा प्रमाणसहित लिखित जवाफ पेश गर्नुपर्नेछ । अन्यथा प्रचलित कानुन बमोजिम ठेक्का सम्झौता अन्त्य गरी आवश्यक कारबाही अगाडि बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का न. | ठेक्काको नाम | निर्माण व्यवसायी | कैफियत |
|---|---|---|---|---|
| १. | 04/NCB/WORKS/ ROAD/KPLRM/2082-83 | Ngotungla-Tate Road Track Opening Work | R.P Construction and Suppliers, Soluduhkunda Municipality-06, Solukhumbu | |

**प्रमुख प्रशासकीय अधिकृत**

## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शनिबार, ३० जेठ, २०८३

| | |
|---|---|
| मेष | स्वास्थ्यप्रति सचेत रहनु राम्रो हुनेछ । अधुरा काम पूरा हुने सम्भावना छ । |
| वृष | मान-सम्मान प्राप्त हुने दिन छ । नयाँ अवसरले उत्साह थप्नेछ । |
| मिथुन | शिक्षा र अध्ययनमा प्रगति हुनेछ । यात्राको सम्भावना पनि देखिन्छ । |
| कर्कट | व्यापार तथा रोजगारीमा लाभ मिल्ने संकेत छ । परिवारसँग रमाइलो समय बित्नेछ । |
| सिंह | धैर्यताका साथ काम गर्दा सफलता हात पर्नेछ । अनावश्यक विवादबाट टाढा रहनुहोस । |
| कन्या | आज नयाँ कामको सुरुवातका लागि दिन राम्रो रहनेछ । आत्मविश्वास बढ्नेछ र पारिवारिक साथ मिल्नेछ । |
| तुला | आर्थिक पक्ष मजबुत बन्ने संकेत छ । बोलीमा संयमता अपनाउँदा सम्बन्ध राम्रो रहनेछ । |
| वृश्चिक | नयाँ योजना अघि बढाउने समय अनुकूल छ । सामाजिक क्षेत्रमा सक्रियता बढ्नेछ । |
| धनु | भाग्यले साथ दिने दिन रहेको छ । प्रेम र पारिवारिक सम्बन्ध अझ मधुर बन्नेछन् । |
| मकर | काममा व्यस्तता बढ्न सक्छ । साथीभाइसँगको भेटघाटले मन प्रसन्न बनाउनेछ । |
| कुम्भ | मनमा सकारात्मक ऊर्जा रहनेछ । साथीहरूको सहयोगले काम सहज बन्नेछ । |
| मीन | खर्च बढ्न सक्ने भएकाले आर्थिक व्यवस्थापनमा ध्यान दिनुहोस् । शुभ समाचार प्राप्त हुन सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

३० जेठ, २०८३ (१३ जुन २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५२.१३ | १५२.७३ |
| युरो | १ को | १७५.६१ | १७६.३० |
| पाउन्ड स्टिर्लङ | १ को | २०३.६२ | २०४.४२ |
| स्विस फ्रैन्क | १ को | १९०.४५ | १९१.२० |
| अस्ट्रेलियन डलर | १ को | १०६.५५ | १०६.९७ |
| क्यानाडियन डलर | १ को | १०९.२१ | १०९.६४ |
| सिङगापुर डलर | १ को | ११८.११ | ११८.५७ |
| जापानी येन | १० को | ९.४८ | ९.५२ |
| चिनियाँ युआन | १ को | २२.४४ | २२.५३ |
| साउदी अरब रियाल | १ को | ४०.५३ | ४०.६९ |
| कतारी रियाल | १ को | ४१.७३ | ४१.८९ |
| थाई भाट | ख १ को | ४.६२ | ४.६४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.४२ | ४१.५८ |
| मलेसियन रिङेट | १ को | ३७.३८ | ३७.५३ |
| दक्षिण कोरियन वन | १०० को | ९.९८ | १०.०२ |
| स्विडिस क्रोनर | १ को | १६.०२ | १६.०८ |
| डेनिस क्रोनर | १ को | २३.४९ | २३.५९ |
| हङकङ डलर | १ को | १९.४१ | १९.४९ |
| कुवेती दिनार | १ को | ४९५.१३ | ४९७.०९ |
| बहराइन दिनार | १ को | ४०३.४५ | ४०५.०४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# ट्रेड युनियन खारेज गर्न सरकारलाई खुल्यो बाटो

## खारेजीविरूद्धको रिटमा अन्तरिम आदेशलाई निरन्तरता दिन सर्वोच्चद्वारा अस्वीकार

■ प्रभाव संवाददाता

**काठमाडौं–** ट्रेड युनियन खारेज गर्ने निर्णय कार्यान्वयन गर्न सरकारलाई बाटो खुलेको छ । ट्रेड युनियन खारेज गर्ने निर्णयविरुद्ध परेको रिट निवेदनमा सर्वोच्च अदालतले अन्तरिम आदेशलाई निरन्तरता दिन अस्वीकार गरेपछि सरकारलाई निर्णय कार्यान्वयन गर्न बाटो खुलेको हो ।

प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मा, न्यायाधीशहरू डा. नहकुल सुवेदी, विनोद शर्मा, अब्दुल अजीज मुसलमान र महेश शर्मा पौडेलको संवैधानिक इजलासमा यही जेठ २० गते सुरु भएको सुनुवाइ शुक्रबार सकिएपछि यसअघि दिएको अन्तरिम आदेशलाई निरन्तरता दिन अस्वीकार गरेको हो । यद्यपि, उक्त आदेशमा दुई जना न्यायाधीशले फरक मत राखेका छन् ।

प्रधानन्यायाधीश डा. मनोजकुमार शर्मा, न्यायाधीश विनोद शर्मा र अब्दुल अजीजले यसअघिको अन्तरिम आदेशलाई निरन्तरता दिनु नपर्ने आदेश गरेका छन् । न्यायाधीशद्वय डा. नहकुल सुवेदी र महेश शर्माले भने अन्तरिम आदेशलाई निरन्तरता दिनुपर्ने राय लेखेका छन् । संविधानमा नै संघसंगठन खोल्न पाउने नागरिकको हकलाई अध्यादेशबाट संकुचित बनाउन नहुने उनीहरूको राय थियो ।

यसअघि गत वैशाख २८ गते तत्कालीन कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरू कुमार रेग्मी, हरिप्रसाद फुयाल, विनोद शर्मा र शारंगा सुवेदीको संवैधानिक इजलासमा भएको सुनुवाइमा पनि राय बाझिएको थियो । तत्कालीन कायममुकायम प्रधानन्यायाधीश मल्ल, न्यायाधीशहरू रेग्मी र  फुयालले सरकारको उक्त निर्णय कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश गरेका थिए भने न्यायाधीशद्वय शर्मा र सुवेदीले फरक मत राख्दै अपूरणीय क्षति नपुग्ने भएकाले अल्पकालीन आदेश दिने विषयमा सहमति नभएको जनाएका थिए ।

अदालतले यस विवादमा दुवै पक्षलाई छलफलका लागि बोलाउँदै महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्न भनेको थियो । नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्य समितिको तर्फबाट अख्तियार प्राप्त अध्यक्ष भवानी दाहालसमेतले राष्ट्रपतिको कार्यालयलाई विपक्षी बनाइ ट्रेड युनियन खारेज गर्ने निर्णय कार्यान्वयन नगर्न आदेशको माग गरिएको थियो ।

सरकारले गत वैशाख २० गते 'केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८३' जारी गर्दै निजामती कर्मचारीहरूले ट्रेड युनियनहरूको अभ्यास गर्न नपाउने व्यवस्था गरेको थियो । सोही अध्यादेशका आधारमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले वैशाख २२ गते पत्र काटेर ट्रेड युनियनका कार्यालयहरू बन्द गर्नेलगायतका निर्णय र सूचना प्रकाशित गरेको थियो ।

सरकारले ल्याएको उक्त अध्यादेशविरुद्ध नेपाल निजामती कर्मचारी संगठनका अध्यक्ष भवानी दाहालगायतले सर्वोच्चमा रिट दर्ता गरेका थिए । संघसंगठन खोल्न संविधानले दिएको अधिकार अध्यादेशबाट हनन हुन नसक्ने दाबी निवेदनका गरिएको थियो ।

---

### ललितपुर महानगरपालिका २४ नं. वडा कार्यालय

धापाखेल, ललितपुर बागमती प्रदेश, नेपाल

**संधियार चार किल्ला बुझ्ने सम्बन्धी ३५ दिने सूचना**

प्रकाशित मितिः २०८३/०२/३०

श्री वर्षा तामाङ्गको नाममा दर्ता श्रेष्ता कायम रहेको हालको ललितपुर महानगरपालिका वडा नं. २४ को साविक वडा नं. ९ (क) कि.नं. २०४९ को जम्मा क्षेत्रफल ०-४-०-० को जग्गामा नयाँ घर निर्माण गर्नका लागि नक्सा पास गरी पाँऊ भनी दर्ता नं. Resd / 082-83/06166 को यस वडा कार्यालयमा निवेदन दिनु भएको मिति २०८३/०१/०५ गते यस वडा कार्यालयमा सूचना जारी गरी पटक-पटक संधियारको नाममा जारी १५ दिने सूचना बुझाउन जाँदा पश्चिम तर्फ कि.नं. २०४६ संधियार श्री पार्वती पुरकुटीको नाममा दर्ता श्रेष्ठा कायम रहेको र दक्षिण तर्फ कि.नं. २०३९ संधियार श्री रमेश पचभैया फेला नपरेका उहाँहरु फिल्डमा अनुपस्थित हुनु भएकोले नक्सा पास कार्य रोकिएको हुनाले यदि कुनै कसैलाई दावी विरोध भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफ्नो सबुत प्रमाण सहित यस २४ नं. वडा कार्यालयमा उपस्थित भइ आफ्नो चार किल्ला सूचना पत्र बुझी दिन हुन अनुरोध गरिन्छ । यदि तोकिएको अवधिमा यस वडा कार्यालयमा उपस्थित भइ चार किल्लाको सूचना म्याद बुझी लिन नआएमा प्रचलित कानून बमोजिम नक्सापास प्रकृया अघि बढ्ने ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

### काठ लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३।०२।३०

यस सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट संकलन गरी सामुदायिक वन कम्पाउण्डमा घाटगद्धी भएको गोलिया काठ लिलाम प्रक्रिया द्धारा लिलाम बढाबढ गर्नुपर्ने भएकोले घाटगद्धीमा मौज्दात रहेको जात , साल ,सिसौ, खयर,सादन,अस्ना गोलिया काठ गरी ६१० थानको ३७१९.३८ क्युफी काठ लाई शिलबन्दी बोलपत्रद्धारा लिलाम विक्री गर्नुपर्ने भएकोले प्रभाव राष्ट्यि दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१  दिन भित्रमा  यस सा.वउसको कार्यालयबाट बोलपत्र खरिद गरी सिलवन्दी बोलपत्र २२ औ दिनको ३ बजेभित्र यस सा.व.उ.स.को कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ । बिस्तृत जानकारीको सुचना यस सा.व.उ.स. को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत टाँस गरिएको व्यहोरा समेत सुचित गरिन्छ ।

अध्यक्ष

**श्री सरस्वती सामुदायिक वन उपभोक्ता समुह**

मोहन्याल गा.पा.-५ कैलाली

---

### काठ लिलाम बिक्री सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३।०२।३०

यस सामुदायिक वन उपभोक्ता समुहको वन क्षेत्रबाट संकलन गरी सामुदायिक वन कम्पाउण्डमा घाटगद्धी भएको गोलिया काठ लिलाम प्रक्रिया द्धारा लिलाम बढाबढ गर्नुपर्ने भएकोले घाटगद्धीमा मौज्दात रहेको जात , साल गोलिया काठ गरी २६८ थानको ११६३.२९ क्युफी काठ लाई शिलबन्दी बोलपत्रद्धारा लिलाम विक्री गर्नुपर्ने भएकोले प्रभाव राष्ट्यि दैनिकमा प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्रमा  यस सा.व.उ.स.को कार्यालयबाट बोलपत्र खरिद गरी सिलवन्दी बोलपत्र २२ औ दिनको ३ बजेभित्र यस सा.व.उ.स।.को कार्यालयमा दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ । बिस्तृत जानकारीको सुचना यस सा.व.उ.स. को कार्यालय तथा सम्बन्धित अन्य कार्यालयहरुमा समेत टाँस गरिएको व्यहोरा समेत सुचित गरिन्छ ।

अध्यक्ष

**श्री नमुना हरियाली सामुदायिक वन उपभोक्ता समुह**

मोहन्याल गा.पा.-५ कैलाली

---

### वन पैदावार बोलपत्रद्धारा लिलाम बिक्रि सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०२/३०

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८२/०८३ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान १०० को ९३३.४८ घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**त्रिशक्ति सामुदायिक वन उपभोक्ता समूह**

बागमती-९, मकवानपुर

---

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८३/०२/३० गते

यस कम्पनीको मिति २०८२/०९/१५ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **धुम्रबाराही इन्टरप्राईजेज् प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०९/१८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **श्री आर.श्री ट्रेडिङ्ग प्रा.लि. (प्रा.लि.नं. १२६८०२)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

---

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

कम्पनी रजिष्ट्रारको कार्यालयको

**विशेष दर्ता खारेज सम्बन्धी १ दिने सूचना**

यस कार्यालयमा मिति २०६२/१०/०४ मा दर्ता भएको (प्रा.लि.नं. ३७९२४) को **श्री वाई.के.रेमिट** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०२/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ 'क' बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

### वन पैदावार बोलपत्रद्धारा लिलाम बिक्रि सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०२/३०

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८१/०८२ मा उत्पादन भई जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्याएकोमा आपूर्ति समितिबाट फिर्ता भएको तथा आन्तरिक खपतको लागि छुट्याएकोमा खपत नभई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ८० को १००२.०८ घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रुपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**सूर्यकिरण सामुदायिक वन उपभोक्ता समूह**

बागमती-३, मकवानपुर

---


### ओमनमा रोजगार — कम्पनी : SOHAR POLY INDUSTRIES LLC

पूर्व स्वीकृति मिति : २०८३/०२/२९ | LT. No. 343358 | चलानी नं. ६०२५६६८६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Furniture Upholster | 8 | 0 | 130 | ५१,६०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मितिः २०८३ असार ६ गते (20th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1284/074/75

**S.N. Recruiting Service Pvt Ltd**

Nagarjun-2, Kathmandu, Nepal Tel: 014890823, 9803334884, E-mail : snrecruitingnepal@gmail.com



### मलेसियामा रोजगार — कम्पनी : STORE N GO SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८३/०१/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२९ | LT. No. 341372 | चलानी नं. ६०२५४७००

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehousemen | 16 | 0 | 1700 | ६३,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ असार ७ देखि ११ गते (21-25 Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


**ICONIC HR CONSULTANT PVT LTD**

Ganesh Basti, Maharajgunj-4, Kathmandu, Nepal. Tel: +977- 014548588

Official Mobile no: 9816572430, Satish Bk 976-1702070, E-mail: ram@iconic-hr.com, www.iconic-hr.com

Govt. Licence No. 1760/081/082



### ओमनमा रोजगार — कम्पनी : GALFAR ENGINEERING & CONTRACTING SAOG

पूर्व स्वीकृति मिति : २०८३/०२/२९ | LT. No. 343494 | चलानी नं. ६०२५६६८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Reinforce Building Smith | 100 | 0 | 120 | ४७,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Buildings Joiner | 100 | 0 | 120 | ४७,६३५ | | | | | | | |

कम्पनी : OMN INTERNATIONAL GROUP SAOC

पूर्व स्वीकृति मिति : २०८३/०१/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/२९ | LT. No. 340859 | चलानी नं. ६०२५४१८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaners Female | 0 | 12 | 120 | ४७,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ असार ६ गते (20th Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम इजाजत नं. 1543/078/079

**Index Recruitment Pvt. Ltd.**

Chabahil - 7, Kathmandu, Nepal, Tel No. +977-01-5911443 Mo.No. Bina Gurung 9813850986

Neelam Ghimire 9814269669, E-mail : info@indexrecruitment.com.np, www. www.indexrecruitment.com.np



### युएइ/ओमनमा रोजगार — कम्पनी : THE MIRRORED BEAUTY &SPA

पूर्व स्वीकृति मिति : २०८३/०२/२८ | LT. No. 343294 | चलानी नं. ६०२५६६२५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Style | 0 | 1 | 1800 | ७४,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAKURA FLOWER TRADING SPC

पूर्व स्वीकृति मिति : २०८३/०२/२९ | LT. No. 343464 | चलानी नं. ६०२५६७५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURE/PEDICURE | 0 | 1 | 170 | ६७,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौमा मिति : २०८३ असार ६ गते (20th Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |


यो मुद्दाको आधार सन् २०२४ को अक्टोबरमा उत्तर कोरियाले लगाएको आरोप बनेको थियो । प्योङयाङले दक्षिण कोरियाले तीन पटक ड्रोन उडाएर आफ्नो राजधानीमाथि प्रचार सामग्री खसालेको दाबी गरेको थियो । त्यसबेला तत्कालीन रक्षामन्त्री किम योङ ह्युनले रक्षा मन्त्रालयले उक्त आरोपको पुष्टि वा खण्डन गर्न नसक्ने प्रतिक्रिया दिएका थिए । घटनापछि दुई कोरियाबीचको तनाव तीव्र बने पनि प्रत्यक्ष सैन्य झडप भने भएको थिएन ।

विशेष अभियोजक चो युन-सुकको नेतृत्वमा भएको अनुसन्धानले युनले राजनीतिक विरोधीहरूलाई कमजोर पार्न र सत्ता आफ्नो नियन्त्रणमा केन्द्रित गर्न उत्तर र दक्षिण कोरियाबीच युद्धको वातावरण सिर्जना गर्ने प्रयास गरेको निष्कर्ष निकालेको थियो । अभियोजन पक्षले युनले अधिनायकवादी शैलीमा शक्ति विस्तार गर्ने योजनाअन्तर्गत ड्रोन अभियान सञ्चालन गराएको आरोप लगाएको थियो । यस्तै, मार्सल लको योजना बनाउन र सेना परिचालन गर्न सहयोग गरेको आरोपमा किम योङ ह्युनलाई पनि जिम्मेवार ठहर गरिएको छ ।

अभियोजन पक्षले युनका लागि ३० वर्ष र किमका लागि २५ वर्ष जेल सजायको माग गरेको थियो । अदालतले युनमाथि ३० वर्षको सजाय सुनाएको छ भने किमसम्बन्धी विस्तृत निर्णय सार्वजनिक हुन बाँकी रहेको जनाइएको छ । युनका कानुनी प्रतिनिधिहरूले भने फैसलाको आलोचना गरेका छन् । उनीहरूको भनाइमा ड्रोन उडान उत्तर कोरियाले सन् २०२४ को सुरुआतमा दक्षिण कोरियातर्फ हजारौं फोहोर बोक्ने बेलुन पठाएको घटनाको प्रतिक्रिया थियो । उनीहरूले यस्तो निर्णयले दक्षिण कोरियाको राष्ट्रिय सुरक्षा चासोलाई कमजोर पार्ने तर्क गरेका छन् । यद्यपि उनीहरूले फैसलाविरुद्ध अपिल गर्ने वा नगर्ने विषयमा तत्काल कुनै निर्णय सार्वजनिक गरेका छैनन् ।

युनले डिसेम्बर ३, २०२४ को राति राष्ट्रका नाममा टेलिभिजन सम्बोधन गर्दै मार्सल ल घोषणा गरेका थिए । त्यस क्रममा उनले विपक्षी उदारवादी सांसदहरूलाई उत्तर कोरियाप्रति सहानुभूति राख्ने ‘राज्यविरोधी शक्ति’को संज्ञा दिएका थिए । उनले विपक्षी दलले वरिष्ठ सरकारी अधिकारीहरूलाई महाभियोग लगाएको र सरकारको बजेट विधेयकमा कटौती गरेको विषयलाई आफ्नो कदमको प्रमुख कारणका रूपमा प्रस्तुत गरेका थिए ।

तर मार्सल ल केवल करिब छ घण्टामात्र कायम रह्यो । सैनिक र प्रहरीको घेराबन्दी तोड्दै सांसदहरू राष्ट्रिय सभामा प्रवेश गरेका थिए र उक्त निर्णय खारेज गर्ने पक्षमा मतदान गरेका थिए । त्यसपछि मन्त्रिपरिषद् मार्सल ल फिर्ता लिन बाध्य भएको थियो । घटनापछि युनलाई तत्काल पदबाट निलम्बन गरिएको थियो । त्यसपछि संसद्बाट महाभियोग पारित भयो र संवैधानिक अदालतले उनलाई औपचारिकरूपमा पदमुक्त गरेको थियो । जुलाई २०२५ मा पक्राउ परेका युनविरुद्ध हाल पनि विभिन्न आपराधिक मुद्दाहरू विचाराधीन छन् ।

युनमाथिको विद्रोहसम्बन्धी सबैभन्दा गम्भीर मुद्दाको फैसला दुवै पक्षले चुनौती दिएका छन् । युन पक्षले सजायविरुद्ध अपिल गरेको छ भने अभियोजन पक्षले अझ कडा सजायको माग गर्दै मृत्युदण्ड हुनुपर्ने दाबी गरेको छ । पछिल्लो ३० वर्षको जेल सजायले भने दक्षिण कोरियाको हालैको राजनीतिक इतिहासमा युनको पतनलाई थप गम्भीर बनाएको छ । *रासस/एपी*

# ट्रम्पको ८०औं जन्मदिनमा केज फाइट कार्यक्रम विवाद

**वासिङ्टन–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको ८०औं जन्मदिनलाई केन्द्रमा राखेर ह्वाइट हाउसको साउथ लनमा आयोजना गरिएको विशाल युएफसी केज फाइट कार्यक्रमले अमेरिकी राजनीति र सार्वजनिक खर्चबारे तीव्र बहस जन्माएको छ । ‘युएफसी फ्रिडम २५०’ नाम दिइएको यो कार्यक्रमलाई समर्थकहरूले उत्सव र स्वतन्त्रताको प्रदर्शनका रूपमा व्याख्या गरे पनि आलोचकहरूले यसलाई असंवेदनशील र विवादास्पद कदम भनेका छन् ।

आइतबार हुने भनिएको उक्त कार्यक्रमका लागि ह्वाइट हाउसको साउथ लनमा ‘द क्लाउ’ नामक विशाल पिँजडा अखाडा निर्माण गरिएको छ र त्यहाँ १४ जना अल्टिमेट फाइटिङ च्याम्पियनसिप (युएफसी) खेलाडीहरूबीच केज फाइट प्रतिस्पर्धा हुने छ । रक्तपातपूर्ण शैलीका लडाइँलाई केन्द्रमा राखिएको यो प्रतियोगिता अमेरिकी राष्ट्रपति कार्यालयको इतिहासमै असाधारण मानिएको छ ।

करिब छ करोड अमेरिकी डलर लागत अनुमान गरिएको कार्यक्रमलाई लिएर सार्वजनिक आलोचना चर्किएको छ । आलोचकहरूले युद्ध तथा आर्थिक चुनौतीकाबीच यस्तो खर्चिलो र माचो शैलीको कार्यक्रम उपयुक्त नभएको टिप्पणी गरेका छन् । तर राष्ट्रपति ट्रम्पले यसलाई अमेरिकी स्वतन्त्रताको २५०औं वार्षिकोत्सव सुरु गर्ने अवसरका रूपमा व्याख्या गरेका छन् र कार्यक्रमको सम्पूर्ण खर्च युएफसीले व्यहोर्ने दाबी गरेका छन् ।

राष्ट्रपति ट्रम्पले न्युयोर्क पोस्टसँगको कुराकानीमा लडाकु खेलाडीहरूको प्रशंसा गर्दै उनीहरूलाई ‘सबैभन्दा कठोर व्यक्तिहरू’ का रूपमा वर्णन गरेका छन् । उनका अनुसार यस्तो कार्यक्रमले अमेरिकी खेल र शक्ति प्रदर्शनको नयाँ रूप देखाउने छ ।

कार्यक्रममा इन्टरनेसनल मिक्स्ड मार्सल आर्ट (एमएमए) को प्रभावशाली उपस्थिति रहने अपेक्षा गरिएको छ । अमेरिकी विदेशमन्त्री मार्को रुबियोले पनि युएफसीसँगको सहकार्यलाई स्वागत गर्दै यसलाई ‘अमेरिकी जनताका लागि उपहार’ भनेका छन् । उनका अनुसार यो कार्यक्रम विश्वभर करिब एक अर्ब दर्शकले हेर्न सक्ने सम्भावना छ ।

कार्यक्रमका आयोजक डाना ह्वाइटका अनुसार करिब चार हजार दर्शकले प्रत्यक्षरूपमा ह्वाइट हाउस परिसरभित्र खेल हेर्ने छन् । तीमध्ये आधाभन्दा बढी अमेरिकी सेनाका सदस्य हुने छन् । *रासस/एएफपी*


## रुद्रेश्वर पार्क निर्माण आयोजनाका लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०२/३०)**

बागमती प्रदेश, धादिङ जिल्लाको गजुरी गाउँपालिका वडा नं. १ मा गजुरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्वारा निम्न बमोजिम प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | गजुरी गाउँपालिका<br>गाउँ कार्यपालिकाको कार्यालय<br>धादिङ जिल्ला, बागमती प्रदेश<br>फोन नम्बरः ०१०-४०२०६३<br>ई-मेलः gajurirmun@gmail.com |
| **प्रस्तावको व्यहोरा** | रूद्रेश्वर पार्क निर्माण आयोजना<br>जमिनको क्षेत्रफलः १.०७८ हे<br>निर्माण हुने संरचनाहरूः मन्दिर परिसर, चौतारा, पेभमेन्ट, गार्ड हाउस र टिकट काउन्टर, फाउन्टेन, सार्वजनिक शौचालय, बाल खेल क्षेत्र, मेडिटेशन जोन, पर्गेला, पदमार्ग तथा स्टेप सिटिङ आदि |
| **प्रभाव पर्न सक्ने जिल्ला र गाउँपालिका** | धादिङ जिल्ला, गजुरी गाउँपालिका वडा नं. १ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न सो स्थानको तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम र ठेगानाः | परामर्शदाताको नाम र ठेगानाः |
|---|---|
| गजुरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धादिङ जिल्ला, बागमती प्रदेश<br>फोन नम्बरः ०१०-४०२०६३<br>ई-मेलः gajurirmun@gmail.com | थ्राइभ ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि.<br>वसुन्धरा, काठमाडौं<br>फोन नम्बरः- ०१-४७२१११२<br>ई-मेलः thriveenggcons@gmail.com |



## मलेसियामा रोजगार

कम्पनी : JUTZE INTERCONNECT SDN BHD

पूर्व स्वीकृति मिति : २०८३/०२/२९ | LT. No. 343453 | चलानी नं. ६०२५६७२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 25 | 0 | 1700 | ६३,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ६ गते (20th Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MOBHIRA H.R. SERVICE PVT. LTD.
Gaushala, Bijayachowk, Kathmandu BAGMATI, Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com
श्रम इजाजत नं. १००१/०६८/६९



## साउदीमा रोजगार

कम्पनी : AJID FAST FOOD RESTAURANT

पूर्व स्वीकृति मिति : २०८३/०२/२७ | LT. No. 343280 | चलानी नं. ६०२५६७५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 1 | 0 | 1000 | ४०,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ६ गते (20th Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११९४/०७३/०७४
POWER EMPLOYMENT PVT.LTD.
Gausala-9, Kathmandu, Nepal, Tel.: 01-4583830, 4588308,
Padam Prasad Bhetwal 984-3210286, E-mail: poweremployment.np@gmail.com



## कतारमा रोजगार

कम्पनी : AL HAIFAA BEAUTY SALOON

पूर्व स्वीकृति मिति : २०८३/०२/२८ | LT. No. 343283 | चलानी नं. ६०२५६६४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicurist | 0 | 3 | 1800 | ७५,३६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ५ गते (19th June 2026) मा हुनेछ ।

नोट : लट नं. ३४३२८३ भएको AL HAIFAA BEAUTY SALOON कम्पनीको विज्ञापन मिति २०८३ जेठ २९ गते प्रकाशन हुनुपर्नेमा भुलवश छुट्न गएकोले आज मिति २०८३ जेठ ३० गते प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/01591125, 9821471642
(9801168467) Surendra kumar Kc, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com
श्रम इजाजत नं. ८३३/०६६/०६७



## कतारमा रोजगार

कम्पनी : AL-AMANH LIDYAFH WALTNZYFAT

पूर्व स्वीकृति मिति : २०८३/०२/२९ | LT. No. 343372 | चलानी नं. ६०२५६७१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 0 | 8 | 1400 | ५८,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Ground Host for Reservation | 0 | 4 | 1400 | ५८,६१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ असार ६ गते (20th Jun. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SAMPAANATA OVERSEAS PVT. LTD.
Kathmandu, Nepal. Tel: 01-5913054, Email: infosampaanta@gmail.com,
info@sampaanataoverseas.com Web: www.sampaanataoverseas.com
Govt. License 1579/079/080



## साउदीमा रोजगार

कम्पनी : SALIMU TO PROVIDE MEALS EST

पूर्व स्वीकृति मिति : २०८३/०२/२८ | LT. No. 343337 | चलानी नं. ६०२५६६६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 1 | 0 | 1200 | ४८,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ६ गते (20th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY BLUE H.R. SOLUTION PVT.LTD
Sinamangal-9, Gairigaun, Kathmandu, Nepal, Tel: 01-4593566, Ganga Khadka 9802358961, Emal: skybluehrsolutionspvtltd@gmail.com, Web: www.skybluehr.com



## कतारमा रोजगार

कम्पनी : CONSERVO FACILITY MANAGMENT

पूर्व स्वीकृति मिति : २०८३/०२/२९ | LT. No. 343380 | चलानी नं. ६०२५६६८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners/Public Building | 18 | 0 | 1000 | ४१,८६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ६ गते (20th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1080/073/74
SKY LINE OVERSEAS PVT. LTD.
Badri Colony, Sukedhara-9, Kathmandu, Nepal, Tel: 4379385, E-mail: info@skylineoverseas.com.np



## मलेसियामा रोजगार

कम्पनी : SHUN YI SENDIRIAN BERHAD

Address: Kawasan Perindustrian Desa Aman

पूर्व स्वीकृति मिति : २०८३/०२/२९ | LT. No. 343488 | चलानी नं. ६०२५६७६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Warehouse Storekeeper | 2 | 0 | 1700 | ६३,८९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असार ६ गते (20th June 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKYPOWER FORCE (P.) LTD.
श्रम इजाजत नं. १२७५/०७४/७५
SKYPOWER FORCE PVT.LTD. (SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.)
Jana Marga Chappal Karkhana, Kathmandu, Tel:-+977 01-5928974, 01-5928975
Mobile: 9707074612, 9707074613 Bijay Kc, Email:- bijay.skypowernepal@gmail.com

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९२०० | प्रति तोला – ० | प्रति तोला – ४८४० |







**अल्लोबाट कपडा** | दाङको घोराही उपमहानगरपालिका-१४ स्थित चिनारी महिला साझेदारी समूहद्वारा सञ्चालित घरेलु उद्योगमा तानमा अल्लोको धागोबाट कपडा तयार गर्दै महिला उद्यमी । *तस्बिर: कुलदीप न्यौपाने/रासस*

# बक्यौता धमाधम तिर्दै औद्योगिक क्षेत्रका उद्योग

■ अशोक घिमिरे

**काठमाडौं–** औद्योगिक क्षेत्रभित्रका भौतिक संरचना प्रयोग गरेबापतको महसुल बुझाउन अटेर गरेका उद्योगले कारबाही गर्ने सरकारको चेतावनीपछि धमाधम बक्यौता बुझाउन थालेका छन् । औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले सात दिनभित्र बाँकी महसुल नबुझाए कानुनअनुसार बक्यौता रकम असुल उपर गर्ने चेतावनी दिएपछि विभिन्न १० वटा औद्योगिक क्षेत्रमा सञ्चालित उद्योगले महसुल बुझाउन थालेका हुन् ।

औद्योगिक क्षेत्रमा सञ्चालनमा रहेका उद्योगहरूले पछिल्लो सूचनाका आधारमा रु एक करोडभन्दा बढी बक्यौता भुक्तानी गरिसकेका लिमिटेडका सूचना अधिकारी वासुदेव सोडारीले जानकारी दिए । सरकारको स्वामित्वमा रहेको लिमिटेडले यही जेठ २५ गते सूचना जारी गर्दै उद्योगलाई सात दिनभित्र बक्यौता रकम बुझाउन निर्देशन दिएको थियो । ३०० भन्दा बढी उद्योगले महसुलवापत रु ८८ करोडभन्दा बढी बक्यौता तिर्न बाँकी छ । उद्योगमन्त्री गौरी कुमारीले उद्योगीले तिर्नुपर्ने बक्यौता तत्काल असुल गर्न निर्देशन दिएकी थिइन् ।

लिमिटेडका अनुसार पाटन औद्योगिक क्षेत्रका उद्योगले रु १० करोड १० लाख, बालाजुका उद्योगले रु ४३ करोड ८९ लाख, हेटौँडाका उद्योगले रु २० करोड ९० लाख, धरानका उद्योगले ७१ लाख र पोखरा औद्योगिक क्षेत्रका उद्योगले रु चार करोड ४१ लाख महसुल तिर्न बाँकी छ । यस्तै बुटवल औद्योगिक क्षेत्रका उद्योगले रु चार करोड ५७ लाख, नेपालगञ्जका रु एक करोड ३४ लाख, वीरेन्द्रनगरका उद्योगले रु छ लाख, भक्तपुरका उद्योगले रु एक करोड ७१ लाख र गजेन्द्रनारायण सिंह औद्योगिक क्षेत्रका उद्योगले रु ६३ लाख बक्यौता तिर्न बाँकी रहेको लिमिटेडले जनाएको छ ।

उद्योगीबाट बक्यौता नउठ्दा औद्योगिक क्षेत्रका पूर्वाधार निर्माण तथा मर्मत र उद्योगलाई प्रदान गर्ने सेवा सुविधा उपलब्ध गराउन कठिनाइ भइरहेको लिमिटेडले जनाएको छ । औद्योगिक क्षेत्रमा सम्झौताअनुसार स्थापना भएका उद्योगले कार्यालयबाट उपलब्ध जमिन, भवन, विद्युत् र पानीलगायतको सेवा प्रयोग गरेवापत नियमित बुझाउनुपर्ने महसुल बुझाउन पटकपटक ताकेता गर्दा पनि अटेर गरेको लिमिटेडले जनाएको छ ।

सूचनापछि उद्योगीहरू कार्यालयमा बुझ्न आउने र विस्तारै बक्यौता तिर्नेको संख्या बढेको छ । 'थोरै बक्यौता भएका उद्योगले महसुल बुझाउन थाल्नुभएको छ', उनले भने । बक्यौता रकम धेरै भएका उद्योगले पनि महसुल व्यवस्थापनमा जुटेका छन् ।

'उद्योगहरूले 'स्टेटमेन्ट' लिएर जानुभएको छ, महसुलमा छुट पाए हुन्थ्यो भन्ने उद्योगीको भनाइ छ', सूचना अधिकारी सोडारीले भने, 'बक्यौताको जरिवाना नलिने व्यवस्था गर्न उहाँहरूले आग्रह गर्नुभएको छ, कतिपय उद्योगीले धरौटीका रूपमा राखिदिनु भनेर बक्यौता भुक्तानी गरिरहेका छन् ।'

## कसरी बाँकी रह्यो करोडौं बक्यौता ?

औद्योगिक क्षेत्र व्यवस्थापनले २०७५ मङ्सिर ५ गते सञ्चालक समितिले सबै औद्योगिक क्षेत्रहरूको भाडा वृद्धिको निर्णय गरेको थियो । व्यवस्थापनले वृद्धि गरेको भाडा बढी भएको भन्दै उद्योगीहरूले उक्त विषयलाई तालुक उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा प्रवेश गराए ।

त्यसबेला औद्योगिक क्षेत्र व्यवस्थापनले उपत्यका र बाहिरका औद्योगिक क्षेत्रमा फरकफरक दरमा भाडा वृद्धि गरेको थियो । उपत्यका बाहिर मासिक आठ हजार भाडा वृद्धि गरी १६ हजार पुऱ्याइएको थियो । बालाजु औद्योगिक क्षेत्रमा १६ हजार रहेको भाडा वृद्धि गरी ८१ हजार प्रस्ताव गरिएको थियो ।

प्रत्येक वर्ष पाँच/पाँच प्रतिशतले भाडा वृद्धि गर्ने निर्णय गरिएको थियो । देशभरका औद्योगिक क्षेत्रमा करिब ७०० बढी उद्योग सञ्चालित छन् । सो विषय अध्ययन गरेर मन्त्रालयले चार वर्षपछि भाडावृद्धि लगायत सम्पूर्ण अधिकार सञ्चालक बोर्डको भएको जनाउँदै त्यससम्बन्धी निर्णय ठीक छ भनेर २०७८ मा फिर्ता गरेको थियो । विसं २०७९ असार २२ गते सञ्चालक समितिले पुनः सो भाडादर २०७५ साउन १ गतेदेखि लागू गर्ने निर्णय ठीक भएको र सोही मितिदेखि महसुलको बिल गर्नू भन्यो ।

सोहीअनुसार लिमिटेडले २०७५ साउनदेखिको बिल उद्योगीहरूलाई पठायो । उद्योगीहरूले पुरानो महसुल तिर्न नसक्ने र बिल भएको मितिपछिको रकम मात्रै तिर्न सकिने बताए । महसुल विवाद बढ्दै गएपछि नेपाल औद्योगिक क्षेत्र उद्योग महासंघ उच्च अदालत पाटन पुगेको थियो ।

महासंघले दायर गरेको रिटमा अदालतले वृद्धि गरेको भाडा उठाउन लिमिटेडको नाममा फैसला गऱ्यो । त्यसपछि उद्योगीहरू सर्वोच्च अदालत पुगेको सूचना अधिकारी सोडारीको भनाइ छ ।

सर्वोच्चले २०८१ चैत १२ गते सोसम्बन्धी मुद्दामा फैसला गर्दै २०७५ साउन १ देखि भाडावृद्धिको दर ठीक रहेको र २०७९ असार २२ गते (बिल गरेको मिति) देखि असुल गर्न लिमिटेडलाई निर्देशन दियो । सोही फैसलामा प्रत्येक पाँच/पाँच वर्षमा महसुल पुनरावलोकन गर्ने व्यवस्थातर्फ सचेत गराउँदै एक महिनाभित्र महसुल पुनरावलोकन गर्न परमादेश भएको सोडारी सुनाउँछन् ।

विसं २०८२ पुस २५ गते सञ्चालक समितिले सो फैसलाविरुद्ध पुनरावलोकनमा जाने निर्णय गऱ्यो । आगामी असार १२ गते सो मुद्दाको पेसी तोकिएको छ । फैसला कार्यान्वयनका गर्दा महसुलवापतको रु १५/१६ करोड घाटा हुने भएपछि सञ्चालक समितिले पुनरावलोकनमा जाने निर्णय गरेको थियो । उद्योग महासंघले पनि औद्योगिक व्यवस्थापन सञ्चालक बोर्डमा पुनरावलकोनसम्बन्धी निवेदन फिर्ता लिएर २०८१ चैत १२ को फैसला कार्यान्वयन गर्न प्रस्ताव गरेको उनले जानकारी दिए ।

उद्योग महासंघका अध्यक्ष एजाज आलम महसुल बक्यौता विवादसम्बन्धी समस्या समाधान गर्न उद्योगी आतुर रहेको बताउँछन् । मुलुकमा औद्योगिक वातावरण बनाउन उक्त पुनरावलोकनको मुद्दा दुवै पक्षले फिर्ता लिई सर्वोच्च अदालतको फैसला कार्यान्वयन गर्न आफूहरूले आग्रह गरेको सुनाए । *रासस*

# बजेटलाई जनता केन्द्रित बनाउन अर्थमन्त्रीलाई सुझाव

■ प्रभाव संवाददाता

**काठमाडौं–** राष्ट्रियसभाका सदस्यहरूले आर्थिक वर्ष २०८३/८४ को प्रस्तुत बजेटलाई जनता केन्द्रित बनाउन सुझाव दिएका छन् ।

राष्ट्रियसभाको शुक्रबारको बैठकमा आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफलमा भाग लिँदै सांसद नारायणदत्त मिश्रले नेपालमा अर्थतन्त्रमाथि अनेकौं चुनौती रहेकाले त्यसलाई सम्बोधन गर्ने बजेट परिमार्जन गर्न सरकारलाई सुझाव दिए ।

सांसद झक्कुप्रसाद सुवेदीले सीमान्तकृत समुदायमैत्री बजेट हुनुपर्नेमा जोड दिए । सांसद सम्झना देवकोटाले प्रस्तुत बजेट चालु आवको बजेटको संशोधित आकारभन्दा २५.२ प्रतिशतले वृद्धि हुनु आफैँमा महत्वकांक्षी भएको जनाए । सांसद मोहम्मद खालिदले आगामी आवको बजेटले महँगी बढाउने र जनतामा मर्कामा पर्न सक्ने अवस्था देखिएको बताए ।

सांसद ललितजंग शाहीले गरिबीको रेखामुनि रहेका जनताको शिक्षा र स्वास्थ्य निःशुल्क बनाउन बजेट केन्द्रित हुनुपर्नेमा धारणा राखे । सांसद सुरेशकुमार आलेमगरले बजेटले राखेको सात प्रतिशत आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न मिहिनेत गर्नुपर्ने बताए । सांसद रामकुमारी झाँक्रीले बजेटले मुलुकको व्यावहारिक समस्या समाधान गर्न सक्नेमा आशंका व्यक्त गरे । सांसद दुर्गा गुरुङले बजेटले स्वदेशमै रोजगारी सृजना गर्नेतर्फ बाटो देखाउनुपर्नेमा त्यो हुन नसकेको बताए । सांसद नरबहादुर विष्टले नेपाली समाजको आवश्यकतालाई सम्बोधन गर्न सक्नुपर्ने धारणा राखे ।

सांसद सोमनाथ पोर्तेलले दलित समुदायसँग माफी माग्ने र सुधारका कार्यक्रम ल्याउने बाचा पूरा गर्न आग्रह गरे । सांसद राजेन्द्रलक्ष्मी गैरेले महिलाका दबिएका आवाजलाई सम्बोधन गर्ने कार्यक्रमसहित बजेट परिमार्जन गर्न सुझाव दिए । सांसद रोशनी मेचेले पुँजीगतभन्दा पनि चालु खर्च बढी हुँदा विकास निर्माणको अपेक्षा पूरा हुन नसक्ने बताए ।

बैठकमा सांसद विष्णुकुमारी सापकोटा, वासुदेव घिमिरे, भुवनबहादुर सुनार, गीता देवकोटा, विष्णुबहादुर विश्कर्मा, श्रीकृष्णप्रसाद अधिकारीलगायतले बजेटलाई जनमुखी बनाउनुपर्ने धारणा राखे । आर्थिक वर्ष २०८३/८४ को राजस्व र व्ययको वार्षिक अनुमानमाथिको सामान्य छलफल जारी छ ।

# नेपाल लेखामान बोर्डको अध्यक्षमा धिताल नियुक्त



**काठमाडौं (प्रस)–** सरकारले नेपाल लेखामान बोर्डको अध्यक्षमा रमेश धितालालाई नियुक्त गरेको छ । शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले सिन्धुपाल्चोकका धितालालाई बोर्डको अध्यक्षमा नियुक्त गरेको हो । लेखाव्यवसाय र वित्तीय प्रतिवेदन प्रणालीलाई थप सुव्यवस्थित, पारदर्शी र नियमन गर्नका लागि सरकारले धितालालाई नियुक्त गरेको हो ।

अर्थमन्त्रालय स्रोतका अनुसार नवनियुक्त अध्यक्ष धितालसँग लेखापरीक्षण, वित्तीय क्षेत्रको परामर्श, जोखिम व्यवस्थापन र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा वित्तीय प्रतिवेदन मान कार्यान्वयनको क्षेत्रमा २० वर्षभन्दा बढीको गहन अनुभव रहेको छ । नेपालमा लेखामानको कार्यान्वयन, बैंक वित्तीय संस्थामा एनएफआरएस एवं इसीएल कार्यान्वयनमा नेतृत्वदायी भुमिका खेली सूचना प्रविधि लेखापरीक्षणलाई समेत परिष्कृत एवं विशिष्टीकृत बनाउन उनले उल्लेखिय भुमिका खेलेको जनाइएको छ ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट संघमा उपाध्यक्ष तथा महासचिवको रूपमा रही सफलतापूर्वक आफ्ना जिम्मेवारी पुरा परिसकेका अनुशासन समिति लगायत विभिन्न समितिमा रहेर कार्य गरी सक्नु भएका धिताल हाल परीक्षा समिति सदस्य छन् । यसअघि पनि उनले लेखामान बोर्ड र लेखापरीक्षणमान बोर्डमा सल्लाहकारको भूमिका निर्वाह गरिसकेका छन् ।

## कर्पोरेट

### भुजुङ हाइड्रोपावरको वार्षिक साधारणसभा



**काठमाडौं (प्रस)–** भुजुङ्ग हाईड्रोपावर लिमिटेडको चौथो वार्षिक साधारण सभा सम्पन्न भएको छ । उक्त साधारण सभाबाट संस्थापक शेयरधनीको तर्फबाट माधवराज आचार्य, डा. हिमाल भट्टराई, राजेश्वर दुवाल, टंक प्रसाद सुवेदी तथा सन्तोष श्रेष्ठ निर्वाचित भएका छन् ।

त्यसैगरी सर्वसाधारण शेयरधनीको तर्फबाट जेलिना श्रेष्ठ निर्वाचित भएकी छिन् भने साधारण सभाले स्वतन्त्र संचालकमा रीता गौतमलाई मनोनयन गरेको छ ।

साधारण सभामा कम्पनीको वार्षिक प्रतिवेदन, आर्थिक विवरण, भावी योजना तथा विभिन्न प्रस्तावहरूमाथि छलफल गरी पारित गरिएको थियो । कार्यक्रममा शेयरधनीहरूबीच कम्पनीको भावी रणनीति तथा विकासका विषयमा सकारात्मक अन्तरक्रिया समेत भएको थियो ।

### सिन्धु विकास र शिर मेमोरियल अस्पतालबीच सम्झौता



**काठमाडौं (प्रस)–** सिन्धु विकास बैंक लिमिटेड र शिर मेमोरियल अस्पतालबीच बैंकका कर्मचारी तथा ग्राहक (खातावालाहरू) लाई सहुलियतपूर्ण स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले समझदारीपत्रमा हस्ताक्षर सम्पन्न भएको छ । सम्झौताअनुसार बैंकका कर्मचारी तथा खातावालाहरूले अस्पतालबाट प्रदान गरिने विभिन्न स्वास्थ्य सेवाहरूमा विशेष छुट तथा सहुलियत प्राप्त गर्नेछन् । यस सहकार्यले गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच विस्तार गर्नुका साथै बैंकका कर्मचारी र ग्राहकहरूको स्वास्थ्य सुरक्षामा सकारात्मक योगदान पुग्ने विश्वास लिइएको छ ।

सम्झौतापत्रमा सिन्धु विकास बैंक लिमिटेडका तर्फबाट प्रमुख कार्यकारी अधिकृत गणेश कुमार केसी तथा शिर मेमोरियल एड्भेन्टिस्ट अस्पतालका तर्फबाट प्रमुख प्रशासनिक अधिकृत सूर्य प्रभा शाक्य ले हस्ताक्षर गरेका थिए । सम्झौता कार्यक्रममा बैंकका तर्फबाट सहायक प्रमुख कार्यकारी अधिकृत प्रमोद न्यौपाने तथा मार्केटिङ विभागका भुवन निरौला को उपस्थिति रहेको थियो । त्यसैगरी अस्पतालका तर्फबाट मानव संसाधन विभाग प्रमुख उमेश यमन थापा तथा प्रशासनिक कर्मचारी निशा गौतमको उपस्थिति रहेको थियो ।

कार्यक्रममा दुवै संस्थाका प्रतिनिधिहरूले यस सहकार्यले बैंकका कर्मचारी तथा ग्राहकहरूलाई सहज, गुणस्तरीय र किफायती स्वास्थ्य सेवा प्राप्त गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरेका थिए ।

### ग्लोबल आइएमईको सञ्चालक समिति सदस्यमा हाडा नियुक्त



**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडको सञ्चालक समिति सदस्यमा बिन्द्रा हाडा भट्टराई नियुक्त भएकी छिन् । शुक्रबार बसेको बैंकको सञ्चालक समितिको बैठकले भट्टराईलाई रिक्त रहेको स्वतन्त्र महिला सञ्चालक पदमा नियुक्त गर्ने निर्णय गरेको हो ।

नवनियुक्त सञ्चालक भट्टराईलाई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले एक विशेष समारोहका बीच सञ्चालक समितिमा शुक्रबार नै स्वागत समेत गरेका छन् । नवनियुक्त सञ्चालक भट्टराईसँग सार्वजनिक प्रशासन, सुशासन र विकास व्यवस्थापनको क्षेत्रमा साढे तीन दशकभन्दा लामो अनुभव रहेको छ ।

पूर्व सचिव भट्टराईले सिँचाइ मन्त्रालय, नेपाल ट्रष्टको कार्यालय, राष्ट्रिय योजना आयोग, राष्ट्रिय सूचना आयोग, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा रहेको काम गरिसकेकी छिन् । त्रिभुवन विश्वविद्यालयबाट रसायन शास्त्र र जनप्रशासनमा स्नातकोत्तर तथा कानुनमा स्नातक गरेकी भट्टराईले अमेरिकाको युनिभर्सिटी अफ नर्थ क्यारोलिनाबाट पब्लिक पोलिसी (ट्रेड एण्ड फाइनान्स) र ड्युक युनिभर्सिटीबाट ननप्रफिट म्यानेजमेन्टमा उच्च शिक्षा हासिल गरेकी छिन् । उनी हाल साउथ एसिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भाइरोन्मेन्टको कार्यकारी सदस्य र प्रोफेसलन होल्डिङको स्वतन्त्र सञ्चालकका रूपमा छिन् ।

### किया के३ सेल्टोस नेपाली बजारमा




**काठमाडौं (प्रस)–** किया नेपालले अल न्यु किया के३ सेल्टोस नेपाली बजारमा सार्वजनिक गरेको छ । कम्पनीले काठमाडौंको गैरीधारास्थित सिल्भर ओकमा विशेष समारोह आयोजना गरी उक्त एसयुभी सार्वजनिक गरेको हो । तेस्रो पुस्ताको यो सेल्टोसमा डिजाइन, सुरक्षा, प्रविधि, आराम र कार्यक्षमतामा व्यापक अपग्रेडहरू समावेश छन् ।

कियाको नयाँ के३ प्लेटफर्ममा निर्मित अल न्यु किया के३ सेल्टोसमा ठूलो र बलियो बडी संरचना छ, जसले थप फराकिलो क्याबिन, उच्च स्तरको आराम र परिष्कृत ड्राइभिङ अनुभव प्रदान गर्छ । भारतमा रहेको कियाको अत्याधुनिक प्लान्टमा निर्मित यो मोडल विश्वका ९० भन्दा बढी देशमा निर्यात हुँदै आएको छ । यो नयाँ एसयुभीमा 'लेभल २ एडिएस', २१ वटा स्ट्यान्डर्ड सुरक्षा सुविधा, ६ वटा एयरब्याग, प्यानोरामिक डिस्प्ले र प्यानोरामिक सनरूफ जस्ता विशेषताहरू छन्, जसले यसलाई आफ्नो सेगमेन्टकै सबैभन्दा धेरै सुविधायुक्त एसयुभीमध्ये एक बनाएको छ ।

अल न्यु किया के३ सेल्टोसले ८१ मा ७६.७ अंक प्राप्त गर्दै 'फाइभ-स्टार बीएनसीएपी' सुरक्षा रेटिङ हासिल गरेको छ, जुन यस सेगमेन्टकै उत्कृष्ट सुरक्षा स्कोरहरूमध्ये एक हो ।

एसयुभी सार्वजनिक गर्न आयोजित कार्यक्रममा बोल्दै किया नेपालका कार्यकारी उपाध्यक्ष रेखा घिमिरेले भनिन्, 'अल न्यु किया के३ सेल्टोसमा नेपाली ग्राहकलाई उन्नत प्रविधि, प्रिमियम डिजाइन र उत्कृष्ट सुरक्षा प्रदान गर्ने कियाको प्रतिबद्धता झल्किन्छ । हामीलाई विश्वास छ यसले एसयूभी सेगमेन्टमा एक नयाँ स्तर कायम गर्नेछ ।

अल न्यु किया के३ सेल्टोसलाई अघिल्लो पुस्ताको सेल्टोससँगै बिक्री गर्ने कम्पनीको योजना छ । जसले ग्राहकलाई विभिन्न मूल्य र विशेषताहरूका आधारमा छनोटको फराकिलो विकल्प दिनेछ । यो एयुभी अहिले देशभर रहेका किया नेपालका आधिकारिक डिलर नेटवर्क मार्फत उपलब्ध छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ